# तातो हावाको लहर "लू" (Heat Wave) बाट बच्ने उपाय सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य कार्ययोजना, २०८३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति,
कलैया,बारा



CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

# प्रतिकार्य कार्ययोजना, २०८३

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | जल तथा मौसम विभागबाट लू सम्बन्धी जारी हुने सूचना पालिकासम्म प्रवाह हुने व्यवस्था गर्ने | जल तथा मौसम विभाग | नेपाल टेलिकम |
| २ | लू को अवस्था, त्यसबाट हुने प्रभाव र बच्ने उपायका सम्बन्धमा जिल्लास्तरमा विपद् संवाद गर्ने | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय तह |
| ३ | लू बाट बच्ने उपाय सम्बन्धी स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग, सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन, SMS लगायत) | विज्ञापन वोर्ड, स्थानीय तह, सञ्चार गृह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| ४ | शहरी क्षेत्रका विभिन्न स्थानमा हेल्थ डेस्क सहित पाल, टेण्ट राखेर पानी, जीवनजल, सर्वत वितरणको व्यवस्था मिलाउने | तीन वटै सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य कार्यालय | निजी क्षेत्र, सहयोगी संस्था |
| ५ | लू बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै औषधि स्वास्थ्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्वन्धित स्थानीय तहमा एक्सन टिम तयारी गर्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| ६ | प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थाहरु तयारी अवस्थामा राख्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| ७ | लू को अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय निर्धारण गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | जिल्ला शिक्षा तथा समन्वय इकाई, स्थानीय तह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| ८ | लू को अवस्था हेरी हाट वजार, मेला महोत्सव लगायत भिडभाडजन्य क्रियाकलाप निरुत्साहित गर्ने | स्थानीय तह र जिल्ला सुरक्षा समिति | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| ९ | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई शीतल प्रतिक्षालय, चिसो पानी, पंखा लगायत सुविधा उपलब्ध गराउने | सेवा प्रवाह गर्ने सम्बन्धित निकाय | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| १० | विद्युत आपूर्तिलाई नियमित गराउने | नेपाल विद्युत प्राधिकरण | जिल्ला प्रशासन कार्यालय |
| ११ | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुमा कामदार एवं श्रमिकहरुलाई तातोवाट वचन उपयुक्त वातावरण बनाउने (जस्तापातामा सेतो पेन्ट (Ceramic White Paint) लगाउने, | सम्बन्धित प्रतिष्ठान तथा कलकारखाना | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |

प्रमुख जिल्ला अधिकारी



CS CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया

| | | | |
|---|---|---|---|
| | पंखा, पिउने पानी, भेन्टिलेसन, विश्राम समय र आकस्मिक प्राथमिक उपचारको व्यवस्था गर्ने) | | |
| १२ | औद्योगिक प्रतिष्ठान तथा कलकारखानाहरुमा कामदार एवं श्रमिक, मजदुर, किसानहरुलाई तातो हावाको लहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि स्वास्थ्य बीमा गर्ने, गराउने | औद्योगिक प्रतिष्ठान र स्थानीय तह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| १३ | लक्षित वर्गको पहिचान गरी जीवनजल, पानी, पंखा लगायत सहयोगी सामग्रीहरु वितरण गर्ने | स्थानीय तह | विभिन्न संघ संस्थाहरु |
| १४ | घरभित्रको तापक्रम कम गर्ने उपायहरु अवलम्वन गर्ने गराउने जस्तैः<br>•जस्ता पातामा सेतोपेन्ट (Ceramic White Paint) लगाउने<br>•स्थानीय सामग्री (जस्तैः जुटको बोरा भित्र भुस) उपयोग गरी फल्ससिलिङ्ग राख्ने •भेन्टिलेसनको आकार वढाउने<br>•छतलाई चिसो वनाउनेउ पाय अवलम्बन गर्ने | सम्बन्धित घरधनी, स्थानीय तह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| १५ | स्थानीय सार्वजनिक यातायातहरुमा सिट क्षमता अनुसार मात्र यात्रु राख्ने र पंखाको व्यवस्था मिलाउने | यातायात व्यवसायीहरु | ट्राफिक प्रहरी |
| १६ | लू बाट बच्न श्रमिक, किसान मजदुर लगायत दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरुलाई विहान वेलुका मात्र काम गर्ने वातावरण मिलाउने | निर्माण व्यवसायी, औद्योगिक प्रतिष्ठान, स्थानीय तह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| १७ | लू सम्बन्धी ज्ञान भएका स्वयंसेवकलाई प्रचारप्रसार एवं उपचारमा परिचालन गर्ने | स्थानीय तह | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |

प्रमुख जिल्ला अधिकारी



CamScanner